**मिति २०७६ साल चैत्र २७ गते विहान ११ बजे पाँचखाल नगरपालिकाको बैठक कक्षमा नगरप्रमुख महेश खरेलको संयोजकत्वमा पाँचखाल नगरपालिकाका कृषि एवं पशुपक्षी क्षेत्रका उद्योगी व्यवसायीको उपस्थितिमा कोभिड-१९ का कारण भएको बन्दाबन्दीबाट व्यवसायमा परेको प्रभाव न्यूनीकरण एवं राहतका विषयमा बसेको बैठकका निर्णयहरु**

१. पाँचखाल नगरपालिका एवं आसपासका क्षेत्रमा गरीने पशुपंक्षी पालन व्यवसायको प्रवर्द्धन, व्यवसायीकरण एवं बजारीकरण गर्ने आवश्यक हुँदा पाँचखाल नगरपालिकामा बधशाला (Slaughter house ), चिस्यान केन्द्र ( Cold Store) बनाउने बिषयमा समुहकार्य गर्न देहायबमोजिमको कार्यदल गडन गर्ने निर्णय गरियो। साथै Postmortem lab स्थापना गर्ने सम्बन्धमा समेत सो कार्यदलले अध्ययन गर्ने निर्णय गरियो।

१. दत्त प्रसाद गौतम-संयोजक
२. गोबिन्द थपलिया
३. रविन्द्र राज शिपखान
४. श्याम धौभडेल
५. विमल गिरी
६. अर्जुन अधिकारी
७. लक्ष्मण दुलाल
८. मनोज खरेल
९. सुनिल सापकोटा

यस कार्यदलको सचिवालय यस पाँचखाल नगरपालिकाको बैठक कक्षमा रहनेछ र निशुल्क रुपमा वैठक कक्षको प्रयोग जुनसुकै समयमा गर्न सकिने ब्यबस्था मिलाउने निर्णय गरियो।

२. पाँचखाल नगरपालिकामा कोरोनाको नियन्त्रणका लागि नेपाल सरकार समेतले लगाएको बन्दाबन्दी (Lock Down) का कारण प्रभावित कृषक एवं पशुपंक्षीपालन व्यबसायीको सुरक्षित आवतजावतमा नगरपालिका कार्यालयले आवश्यक सहजीकरण गर्ने निर्णय गरियो । कृषि एवं पशुपंक्षी प्राविधिकलाई अविछिन्न रुपमा पास उपलब्ध हुने ब्यबस्था मिलाउने निर्णय गरियो। एग्रो भेटहरुलाई जुनसुकै समयमा पनि खोल्न दिने निर्णय गरियो।

३. पाँचखाल नगरपालिकाको आगामी आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रममा बन्दाबन्दीबाट प्रभावित कृषक एवं पशुपंक्षी व्यवसायीको हित एवं राहतका लागि कार्यक्रम सहितको प्याकेजको व्यबस्था गर्ने बिषयमा आवश्यक प्रस्ताव तयार गर्न पशुपंक्षी विकास शाखालाई जिम्मेवारी तोक्ने निर्णय गरियो। सोही सन्दर्भमा मिति २०७६ साल चैत्र २८ गते विहान ९ बजे पाँचखाल नगरपालिकामा सञ्चालनमा रहेका बैंकका व्यबस्थापकहरुसंग छलफल गर्ने निर्णय गरियो।

४. जिल्ला बाहिर पशुपंक्षी उत्पादन पठाँउदा आवश्यक पर्ने भेटनरी डाक्टरको परिक्षण प्रतिवेदन यसै पाँचखाल नगरपालिका भित्र उपलब्ध भेटनरी डाक्टरबाट सहज एवं सरल रुपमा उपलब्ध हुने व्यबस्था नगरपालिकामै मिलाउने निर्णय गरियो।

५. नगरपालिकाले बैंकहरुसंग समन्वय गरी स्थानीय कृषक एवं पशुपंक्षी व्यबसायीहरुलाई जिवन्त राख्नका लागि सहुलियतपुर्ण कर्जा, कर्जा नविकरण, कर्जाको पुनर्मुल्याङ्कन, कर्जा थप, पुनकर्जा आदिको व्यबस्था मिलाउन सहजीकरण गर्ने निर्णय गरियो ।

महेश खरेल
नगर प्रमुख